# नेपालमा खोजपत्रकारिताका चुनौती

शिव गाउँले

*अन्नपूर्ण पोष्ट* दैनिकका इटहरी संवाददाता सोमनाथ बास्तोला र *हिमाल खबरपत्रिका*का विशेष संवाददाता रामेश्वर बोहोरा पटक पटक यो पङ्क्तिकारसँग एउटै वाक्य दोहोऱ्याउँछन्- के विषयमा खोज गऱ्यो भने 'स्टोरी' गजबको बनाउन सकिएला ? लामो समयसम्म *जनकपुर टुडे* दैनिक र *रेडियो टुडे*मा काम गरेका पत्रकार अजित तिवारी अहिले (२०६६ वैशाख) *नागरिक* दैनिकको विराटनगर संवाददाता हुन् । उनको पनि उही शैलीको प्रश्न हुन्छ- पूर्वमा के विषयमा खोज गऱ्यो भने राम्रो समाचार लेख्न सकिएला ?

नेपालका पत्रकारले बिस्तारै ध्यान दिन थालेको क्षेत्र हो- खोजपत्रकारिता । अर्थात् खोज गर्न पछि पर्नु हुन्न र यसबाट मात्रै राम्रो व्यावसायिक विकास हुनसक्छ भन्ने भावना हुर्कंदै गएको छ पछिल्लो पुस्तामा । हुन त भौतिक र व्यावसायिक सुरक्षा नेपाली पत्रकारहरूको ठूलो चुनौती भइरहेको आजको परिवेशमा खोजपत्रकारिता अलि टाढाको विषय लाग्न सक्छ । तर लगभग दुई दशकको छोटो व्यावसायिक इतिहास भए पनि नेपालको पत्रकारिताभित्र क्रमशः स्थान बढाउँदै गरेको 'बिट' हो खोजपत्रकारिता ।

पछिल्लो तीन महिनाभित्रका यी उदाहरणहरूले पनि नेपाली पत्रकारितामा 'खोज' हुन थालेको देखाउँछन् । 'मधेसी दलहरूभित्र उच्च जातिको वर्चश्व' (नविन झा, *कान्तिपुर),* 'माओवादी नेताहरू नै चोरीको गाडी चढ्छन्' (उजिर

मगर, *कान्तिपुर),* 'मजदुर नाम बद्नाम' (रामेश्वर बोहोरा, *हिमाल खबरपत्रिका),* 'न्यायालयमा पनि एनजिओ' (रामबहादुर रावल, *नेपाल)* जस्ता पछिल्ला समाचारहरू विषयवस्तुलाई उधिन्दै लेखिएका सामग्रीमा पर्छन् । यद्यपि तिनको अनुसन्धान र प्रस्तुतिका बारेमा समीक्षा गर्न सकिन्छ । यस्ता सामग्रीले नेपालको पत्रकारिता दैनिक घटनाको सतही बेलीविस्तार लगाउनेभन्दा बेग्लै हुन खोजिरहेको छ भन्ने सङ्केत दिन्छन् । अर्थात् विकास क्रममै भए पनि यो नेपाली प्रेसमा एउटा आकर्षणको विषय बन्दैछ ।

औपचारिक समाचार मात्रै लेखिरहेको वा चलनचल्तीको भाषामा 'फर्मल न्यूज' मा सीमित पत्रकारले 'खोज गर्न नपाएको' वा 'नसकेको' भन्ने गुनासो गरेको पाइन्छ । त्यसैले होला सहकर्मीहरू माझ खोजी समाचार लेख्नेहरूको व्यावसायिक 'हाइट' बढ्दै गएको विश्वास गर्न थालिएको छ ।

रेडियो र टेलिभिजनमा पनि खोज गर्ने प्रयास सुरु भएको छ । टेलिभिजन च्यानलहरूले विभिन्न नाममा यस्ता समाचार र समाचारमूलक कार्यक्रम दिन थालेका छन् । *अफ द बिट, कान्तिपुर आज,* लगायतका यस्ता समाचारमूलक कार्यक्रमहरू तुलनात्मक रूपमा लोकप्रिय त छन् तर त्यस्ता कार्यक्रममा प्रस्तुत हुने भाषा, प्रस्तुति शैलीहरूमा पर्याप्त विवेचना गर्ने ठाउँ पनि छ । टेलिभिजन च्यानलहरूमार्फत भइरहेको पत्रकारिताकै बारेमा स्पष्ट विवेचना हुन सकेको छैन । त्यहाँभित्र भइरहेको खोज, पुरानै सामग्रीलाई जोडजाड गरेर लामो बनाउने र त्यसैलाई खोज ठान्ने प्रवृत्तिबारे छुट्टै अध्ययन हुनु जरुरी छ ।

जे होस्, नाममा खोजी पत्रकारिता नभने पनि कामले गर्न थालेका छन् । लुकेका वा लुकाइएका विषयवस्तु, अनियमितता र भ्रष्टाचार मामिलाका समाचार बाहिर ल्याउनुपर्छ भन्ने भावना पत्रकारमा देखिन थाल्नु यसको उदाहरण हो ।

## खोजपत्रकारिताका चुनौती

यस क्षेत्रमा हात हाल्न उत्सुक पत्रकारहरूको उत्साह तारिफयोग्य नै छ । यो उत्साहभित्र हामी भविष्यको आश लाग्दो सम्भावना देख्छौँ । यसको अर्थ नेपालमा खोजपत्रकारिता सन्तोषजनक ढङ्गले अघि बढिरहेको छ भन्ने होइन । पाइला पाइलामा समस्या छन् । पत्रकार, सम्पादक र सञ्चार मामिला विज्ञहरू खोजपत्रकारिता गर्न नसक्नुमा प्रशस्त समस्या देख्छन् । पत्रकारको भौतिक सुरक्षाको प्रश्न, व्यावसायिक क्षमताको न्यूनता, नेतृत्वकर्ता सम्पादकको सम्पादकीय सीमा र कार्यरत प्रतिष्ठानको संस्थागत बाध्यता जस्ता तत्त्वहरूले खोजपत्रकारितालाई प्रत्यक्ष प्रभाव पारिरहेका छन् । यद्यपि आ-आफ्नो बुझाइअनुसार, समस्याको

प्राथमिकता चाहिँ तलमाथि छन् । खोजपत्रकारिताको विकासमा देखिएका केही समस्याहरूलाई निम्न उपशीर्षकमा चर्चा गरिएको छ :

### *दण्डहीनता*

अहिलेको अवस्थामा खोजपत्रकारिता गर्नमा मुख्य समस्या के होला ? राष्ट्रपतिका सल्लाहकारसमेत रहेका *हिमाल खबरपत्रिका*का पूर्वसम्पादक राजेन्द्र दाहाल एउटा शब्दमा जोड दिन्छन्– 'दण्डहीनता' । दण्डहीनतालाई किन यतिविघ्न प्राथमिकता ? दाहाल व्याख्या गर्छन्, "खोजपत्रकारिताका चुनौतीहरू पनि समय सापेक्ष हुँदा रहेछन् । हिजोसम्म हामी मिडियाको कमजोर स्थिति, तालिम र साधन स्रोतको अभावलाई नम्बर एक समस्या मान्न सक्थ्यौँ । तर अहिले मिडियाको पहुँचका कारण यो पछि पर्‍यो । अहिले त कानुनी व्यवस्था पालनाको अभाव नेपालको खोजपत्रकारिताको पहिलो समस्या हो । अर्थात् दण्डहीनता अहिलेको पहिलो नम्बरको बाधक हो ।"[१]

नेपालमा अहिले दण्डहीनता मौलाएको छ । फौज्दारी कानुन उल्लङ्घन गरेको कसुरमा न्यायिक परीक्षणमा रहेका व्यक्तिहरूलाई सरकारले मुद्दा फिर्ता लिएर सफाइ दिन थालेको छ । यसले दुइटा कुराको सङ्केत गर्छ- पहिलो समाजमा जे जस्तो अपराध गरे पनि भयो, सजायँ हुन्न । दोस्रो सजायँ गर्नु हुन्न भनेर समाजका अपराधीहरूलाई धोइ पखाली गर्ने काममा सरकार स्वयं लागेको छ । राजनीतिक निर्णय भनेर हत्या, अपहरण, कुटपिट, डकैतीका मुद्दा लागेका सयौँको मुद्दा सरकारले तीन महिनाअघि (२०६५ माघतिर) मात्र फिर्ता लिएको छ । अपराधीहरूको राजनीतिमा यो पहुँचले पत्रकारहरूलाई सशङ्कित बनाउनु स्वाभाविक छ । २०६५ माघ दोस्रो साता बर्दियाका पत्रकार ठाकुरसिंह थारूले नेपाल पत्रकार महासङ्घको मिसनलाई बाँकेमा भनेका थिए, "हामी जोखिम उठाएर समाचार लेख्न सक्दैनौँ । किनकि यहाँ अपराधीहरूले यो लेख्नू र यो नलेख्नू भनेर निर्देशन गर्छन् ।"

सरकारले मुद्दा फिर्ता लिनुको कारणलाई 'राजनीतिक' भनिएको छ । समाजमा जघन्य अपराध गरी फौज्दारी कानुनको उल्लङ्घन गर्नेहरू कसरी राजनीतिक भए उसले स्पष्ट पार्न चाहेको छैन । तर नलुकेको यथार्थ के हो भने वर्तमान सरकारको नेतृत्वकर्ता माओवादी र सरकारमा सामेल दलहरू अहिले विभिन्न अपराधमा अनुसन्धानका क्रममा वा पुर्पक्षका लागि थुनामा रहेका व्यक्तिहरूको मुद्दा फिर्ता लिन सक्रिय छन् । मुद्दा फिर्ता प्रकरण असंवैधानिक, गैर कानुनी र अपारदर्शी छ ।

---

१ दाहालसँग २०६५ माघ अन्तिमसाता गरिएको कुराकानी ।

सर्वसाधारणसँग सम्बन्धित मुद्दासँगै पत्रकार अपहरणमा संलग्न व्यक्तिमाथिका अभियोग पनि सरकारले फिर्ता लिएको छ । बेपत्ता रहेका कञ्चनपुरका पत्रकार प्रकाशसिंह ठकुरीलाई अपहरण गरेको कसूरमा कञ्चनपुर जिल्ला अदालतमा चलेको मुद्दा सरकारले फिर्ता लिएको छ। २०६५ पुस ३ मा मन्त्रिपरिषद्ले प्रकाशसिंह ठकुरीको मुद्दा फिर्ता लिने निर्णय गरेको हो । तसर्थ पत्रकार दाहालले भनेझैँ दण्डहीनता नेपालको समस्या त हो नै, अहिले नेपाली प्रेस जगतलाई पनि यसले प्रत्यक्षत: गाँज्दैछ ।

खोजपत्रकारितामा दण्डहीनताको अर्को असर पनि छ। अहिले कुनै पत्रकारले जोखिम उठाएर खोजमूलक रिपोर्ट गरिहालेमा पनि त्यस्तो रिपोर्ट छाप्ने वा प्रसारण गर्ने सामर्थ्य नेपालका प्रकाशन, प्रसारण संस्थाहरूसँग छैन । हामी जोखिम उठाएर पनि हाम्रा पाठकका लागि खोजमूलक समाचार दिन्छौँ भन्ने सामर्थ्य उनीहरूसँग होला ? यो जटिल प्रश्न हो । किनकि जोखिम वा असहज अवस्था हुन्नथ्यो भने स्वयं प्रकाशकहरू आफैँ मिडिया सोसाइटी नामको युनियन बनाएर बस्ने थिएनन् ।

स्पष्ट छ- दैनिक घटनामा आधारित औपचारिक समाचारमा भन्दा खोज गरेर लेखिएका समाचार सामग्रीमा पाठक, श्रोता र दर्शकको रुचि बढ्छ । यस्ता सामग्री तुलनात्मक रूपमा लोकप्रिय हुने हुनाले सम्बन्धित आमसञ्चार माध्यमको लोकप्रियता र कमाइ बढाउन पनि सहायक हुनपर्थ्यो। तर खोज गरिएको समाचारको सार कुनै व्यक्ति, संस्था वा निकायलाई 'एक्सपोज' गर्ने हुनाले नेपालको प्रकाशकहरू यो जोखिम मोल्न अग्रसर देखिँदैनन् । किनकि प्रतिस्पर्धी बजारमा टिक्न उनीहरूले आफ्ना सबै काम कारबाहीप्रति सार्वजनिक जवाफदेही हुन सक्ने सामर्थ्य राख्दैनन् ।

दण्डहीनताका कारण पत्रकार डराउने, मुश्किलले उसले सामग्री सङ्कलन गरेमा पनि सम्पादक, प्रकाशकहरूले जोखिम नमोल्ने मनोविज्ञानका कारण त्यस्तो समाचार पाठकसम्म पुग्नै नसक्ने स्थिति छ । पत्रकार राजेन्द्र दाहाल भन्छन्, "यसको स्वाभाविक असर जोखिम मोलेर काम गर्न तयार ती पत्रकार जो खोजका लागि सक्षम छन् उनीहरू यसतर्फ आर्कषित हुन सक्ने अवस्था छैन ।"[२]

## *पेशागत र भौतिक असुरक्षा*

पेशागत असुरक्षा खोजपत्रकारिताको अर्को चुनौती हो । भनिरहनु पर्दैन कुनै पनि श्रमजीवी पत्रकारलाई जोखिम उठाएर खोजपत्रकारिता गर्न पर्याप्त सुरक्षा छैन ।

[२] दाहालसँग २०६५ माघ अन्तिमसाता गरिएको कुराकानी ।

तलब न्यून छ । ठूलो सङ्ख्यामा पत्रकारहरू विनानियुक्तिपत्र काम गर्छन् । तलब सुविधा उल्लेख गरेर करार सेवामा नियुक्ति पाउने पत्रकारको सङ्ख्या देशभरिमा हजार कटाउन मुश्किल पर्छ । सरकारी सञ्चारमाध्यममा स्थायी नियुक्ति पाउनेबाहेक, केही निजी क्षेत्रका सञ्चारमाध्यमले मात्रै तलब, सुविधा उल्लेख गरेर करार सेवामा नियुक्ति दिन्छन् । नत्र धेरैले करार पत्र त दिन्छन् तर तलब सुविधाको महलमा 'संस्थाको नियम बमोजिम हुने' लेखिएको हुन्छ । संस्थाको यो नियम पारदर्शी हुँदैन । त्यसबाहेक नेपालमा धेरै पत्रपत्रिका, रेडियो स्टेसन र केही टेलिभिजन च्यानलले नियुक्तिपत्र नै दिँदैनन् । यतिसम्म कि नेपाल पत्रकार महासङ्घका एकजना पदाधिकारीले आफू कार्यरत टेलिभिजन च्यानलसँग परिचय-पत्र मागेका कारण सेवामुक्त हुनुपरेको थियो ।

अर्को व्यावसायिक असुरक्षा भनेको जोखिम 'कभर' गर्ने व्यवस्थै छैन । दुर्घटना वा आतङ्कवाद बिमा पत्रकारका लागि नभई नहुने कुरा हो तर मिडिया प्रतिष्ठानहरू यसप्रति गम्भीर छैनन् । त्यति मात्रै होइन पत्रकार स्वयंले पनि गर्न सक्ने जीवन बिमा गर्ने संस्कार पनि छैन । यसले टेलिभिजन क्यामेरा वा रेडियो उपकरण तोडफोड भए त्यो 'कभर' हुन्छ । तर त्यही उपकरण बोकेर व्यावसायिक कर्ममा खटिएको पत्रकारको जोखिम 'कभर' गर्ने बाटो केही हुँदैन । 'क्यामेरा फुटे बिमाबाट पैसा आउने' तर 'रिपोर्टरको टाउको फुटे' आफैँ जिम्मेवार हुनुपर्ने विडम्बनाले पत्रकारलाई खोजपत्रकारिता गर्न हौस्याउँदैन ।

राजनीतिमा अपराधीकरण झन् मौलाउँदै छ । अपराधीको सरकारी वा राजनीतिक क्षेत्रमा बलियो पहुँच हुने हुँदा पत्रकारले राज्य वा समाजबाट पनि बलियो संरक्षण पाउन सक्ने अवस्था छैन । धनगढीका पत्रकार दीर्घराज उपाध्याय भन्छन्, "अज्ञात समूहको भयले पत्रकार हैरान छन् । दल, प्रहरी प्रशासन समेतको आडमा हुर्कने यस्ता अज्ञात समूहलाई कसैले नियन्त्रण गर्न सक्छ जस्तो पनि लाग्दैन ।"[३]

## *झिँगा र चिनी*

राजनीतिक परिवेश अर्को कारण हो । अहिलेको परिवेश पनि मिडियालाई सहज वातावरण बनाइदिने होइन, सरकार, सरकारी निकायहरूमा मिडियालाई प्रयोग गर्ने सोच हाबी देखिन्छ । साँघुरो स्वार्थमा मिडियालाई प्रयोग गर्ने र मिडिया पनि

---

[३] २०६५ माघ दोस्रोसाता धनगढीमा नेपाल पत्रकार महासङ्घको मिडिया मिशनले उपाध्यायसँग गरेको कुराकानी ।

प्रयोग हुने अवस्थामा छ। राजनीतिक नियुक्ति, सरकारी सञ्चारमाध्यमका लाभमूलक पदमा पुग्ने लालसा, सत्ताको तावेदारी गर्ने संस्कारले पत्रकारलाई निर्भीक बन्नबाट विचलित गराउँछ। त्यस्तै लोककल्याणकारी विज्ञापनका नाममा सरकार पाँच करोड रुपियाँ लिएर बसेको छ। ठूलो सङ्ख्याका मिडियालाई मुख बुझो लगाउने माध्यम यसलाई बनाउन खोजिएको छ। मानौँ त्यो चिनी हो र अखबारहरू झिँगा हुन्। सरकार चाहन्छ- झिँगाहरू चिनीवरिपरि घुमिरहून्।

सूचना संस्कृतिको अभाव अर्को समस्या हो। स्थायी सरकार मानिने निजामती, सुरक्षा क्षेत्रसँग सम्बन्धित सैनिक, प्रहरीसम्बन्धी कानुनमा अहिले पनि 'आफ्नो संस्था वा निकाय भित्रका गतिविधि बाहिर दिनु हुन्न' भन्ने कानुनी व्यवस्था नै छ। त्यसको अर्थ हो त्यस्ता गतिविधि प्रेसले थाहा पाउनुहुन्न भन्ने वैधानिक व्यवस्था। त्यसबाहेक राष्ट्रिय सुरक्षा मामिलाबारेमा ठूलठूला बहस हुन्छन्। तर मुलुकसँग राष्ट्रिय सुरक्षा नीति छैन। त्यसै गरी मुलुकका लागि कुन दस्तावेज वा विषयवस्तु गोप्य हो, कुन होइन भनेर परिभाषा छैन। त्यस्ता सूचनाको वर्गीकरण नगरिनाले अर्को अन्योल उत्पन्न भएको छ। यसले एकातिर जनताले थाहा पाउनुपर्ने सूचना पनि प्रशासकीय अनुदारताका कारण गोप्य मान्नुपर्ने बाध्यता छ भने अर्कोतर्फ साँच्चिकै संवेदनशील राष्ट्रिय महत्त्वका मामिलामा पनि प्रेसले खेलाँची गरिरहेको हुनसक्छ।

## *क्षमतावान मिडिया नेतृत्वको अभाव*

दण्डहीनता नै मुख्य समस्या हो त ? यसका लागि मिडिया नेतृत्वको जिम्मेवारी कति छ ? अर्थात् नेपालका सम्पादक, प्रकाशक र पत्रकारिता विषयका शिक्षक, प्रशिक्षक यस निम्ति कति जिम्मेवार छन् वा छैनन् बहसको विषय हुनसक्छ। त्यसमा पनि पत्रकारितालाई मार्गदर्शन गर्ने प्रशिक्षणका बारेमा पनि बहस हुनसक्छ। प्रशिक्षक समेत रहेका पत्रकार मोहन मैनाली भन्छन्, "खोजपत्रकारिता तालिमको पनि काम भएन। किनकि नेपाली पत्रकारहरू यस निम्ति तयार भइसकेका छैनन्। राम्रो फिचर लेख्ने पत्रकारलाई मात्रै यो जरुरी छ।"[४]

सम्बन्धित सञ्चार प्रतिष्ठानभित्र पत्रकारिताको मूली भनेको सम्पादक हो। अहिलेको अवस्थामा खोजपत्रकारिता अघि बढाउनमा यी मूलीहरूको भूमिका कस्तो छ भन्ने प्रश्नमा *हिमाल खबरपत्रिका*का पूर्व सम्पादक राजेन्द्र दाहाल भन्छन्, "यति बेला पत्रिकाको नेतृत्वमा धेरैजसो छोटो समयमा सम्पादक हुन

[४] मैनालीसँग २०६५ माघ अन्तिम साता गरिएको कुराकानी।

पुगेकाहरू छन् । खास गरी २०४७ सालपछि सहज वातावरणमा काम गरेर सम्पादक भएका छन् । जोसँग उद्देश्यमूलक दृष्टिकोण छैन ।”[५]

हुन पनि ठूलठूला काण्डहरू, गम्भीर प्रकृतिका अपराध जोडिएको घटनाहरू साधन स्रोतले सम्पन्न भएका भनिएका मिडियाले बाहिर ल्याएका उदाहरण थोरै छन् । लाग्छ 'म्यागेजिन', 'टचाब्लोइड' हरू नहुँदा हुन् त यस्ता धेरै घटना बाहिरै आउँदैनथे । ठूला लगानीको भनिएका पत्रिकाले व्यावसायिक हुनु भनेको व्यापारिक हुनु भन्ने मात्रै बुझेको देखिन्छ । ठूला लगानीमा सञ्चालित आमसञ्चार माध्यमका युवा सम्पादकका लागि यो चुनौतीको विषय हो । यसबाहेक विषयगत विशेषज्ञताको अभाव पनि अर्को कारण हो । आफैँ सम्पादक, आफैँ प्रकाशक र आफैँ बजार व्यवस्थापक समेत भएर पत्रिका चलाइरहेकाहरूको पीडा आफ्नै ठाउँमा छ । यस्तो स्थितिमा बिहान खेलकुद, दिउँसो स्वास्थ्य समाचार र साँझ राजनीतिक समाचार लेख्नु पत्रकारको बाध्यता हो । एउटै विषयमा गहिरिएर खोजी गर्न चाहना भए पनि यस्तो परिस्थितिले उसलाई त्यसमा साथ दिँदैन ।

पत्रकार मोहन मैनाली भन्छन्, “पत्रकारिताको स्थिति र पत्रकारको स्तर नै खोजपत्रकारिताको अहिलेको समस्या हो । खोजपत्रकारिता गर्न निरन्तर परिश्रम, धैर्यता, दृढ इच्छा शक्ति र लगनशीलता आवश्यक पर्छ । यसका लागि पत्रकारहरू तयार भइसकेकै छैनन् ।”[६] यीबाहेक पनि थुप्रै समस्या छन् । नेपालको पत्रकारिता व्यावसायिक भइसकेको छैन । त्यसैले सङ्ख्यात्मक रूपमा धेरै आमसञ्चार माध्यमले खोजमूलक समाचारका लागि सोचाइ, लगानी र जनशक्ति निमार्णतर्फ ध्यान दिएकै छैनन् ।

नेपालको खोजपत्रकारिताको मुख्य समस्या मिडियाको नेतृत्वतहमा आवश्यक बुझाइको कमी भएको *कान्तिपुर* दैनिकका सम्पादक सुधीर शर्मा स्वीकार्छन् । शर्मा भन्छन्, “दैनिक पत्रिकामा खोजपत्रकारिता भनेको म्यागेजिनले गर्ने काम हो भन्ने बुझाइ छ । दैनिकमा प्राविधिक कारणले पनि खोजमूलक समाचार आउन सकेका छैनन् । यी दैनिक घटना 'कभर' गर्नमा नै सीमित छन् ।”[७]

खोजपूर्ण समाचार सङ्कलन र प्रस्तुत गर्न आवश्यक व्यावसायिक सीप धेरै पत्रकारसँग छैन । समाचार स्रोतको खोजी र त्यससँग निरन्तर सम्पर्क राख्न चाहिने कलामा पनि धेरै पत्रकार निपुण छैनन् । त्यसमा पनि समाचारको खोजी,

---

[५] दाहालसँग २०६५ माघ अन्तिम साता गरिएको कुराकानी ।

[६] मैनालीसँग २०६५ माघ अन्तिम साता गरिएको कुराकानी ।

[७] शर्मासँग २०६५ माघ अन्तिम साता गरिएको कुराकानी ।

प्रस्तुति, जस्ता विषयमा आवश्यक सीप तालिमको अभाव छ । राज्य वा पत्रिका व्यवस्थापकहरू पत्रकारको सीप विकासका लागि लगानी गर्न इच्छुक छैनन् । सस्तो लगानीको उत्पादन भएर पनि जेनतेन टिकेको छ यो। सरकार र आमसञ्चार प्रतिष्ठानले विशेष रूपमा ध्यान नदिने हो भने यदाकदा दाता खोजेर खोजपत्रकारिता केन्द्र वा अरू यस्तै संस्थाले दिने तालिम वा गर्ने कार्यशालाबाट मात्र नेपालको खोजपत्रकारिताको अवस्थामा सुधार ल्याउन सम्भव छैन। सम्पादक सुधीर शर्मा भन्छन्, "दैनिक पत्रिकाहरूमा खोजमूलक समाचार पस्कने स्कूलिङ पनि भएन । दैनिक पत्रिकाका अगुवाहरूले अहिलेसम्म ब्रेकिङ रिपोर्टमा होइन, भाषा शैलीमा खेल्ने काम गरे ।" शर्मा थप्छन् "तर मेरो विचारमा दैनिक पत्रिकाहरू यो बाटोमा नलागी अब हुँदै हुन्न । त्यसैले अब औपचारिक समाचार वा घटनामा आधारित समाचार लेख्ने पत्रकारिता मात्र गरेर हुन्न ।"[८]

## 'सिडी काण्ड' को अनुभव

खोजपत्रकारिताको विकास गर्न दक्ष सम्पादक र साहसी प्रकाशकको आवश्यकता पर्छ । विज्ञापन प्रलोभन वा अरू आश्वासनलाई वास्ता नगर्ने वा परिआउँदा अस्वीकारै गर्न सक्ने प्रकाशक हामीकहाँ कति होलान् ? अर्थात् यसको विकास गर्न जोखिम उठाउन सक्ने संस्थागत संरचना जरुरी पर्छ । भर्खरै व्यावसायिक यात्रा आरम्भ गरेको नेपाली प्रेसमा यसको अभाव खट्किनु स्वाभाविक हो। पङ्क्तिकार स्वयंको पनि यसबारे अनुभव छ। 'सर्वोच्च अदालतमा भ्रष्टाचार' शीर्षकको खोजमूलक आवरण समाचार *हिमाल खबरपत्रिका*मा प्रस्तुत गर्ने क्रममा भोगिएको अनुभवबारे अब चर्चा गरौं । 'सिडी काण्ड' का नामले चर्चित उक्त समाचारको स्रोतले 'विभिन्न राष्ट्रिय दैनिकमा सम्पर्क गर्दा त्यहाँबाट यो समाचार बाहिर आउला भन्ने आफूलाई नलागेकोले तपाईसँग सम्पर्क गरेको छु' भनेको थियो । ती 'राष्ट्रिय दैनिक' हरू किन यसनिम्ति तयार भएनन् होला भन्ने जिज्ञासा उठ्छ । यसबारेमा मेरो बुझाइ के छ भने तिनका सम्पादकहरूले यति जोखिम मोल्न नसक्नुमा प्रकाशकहरूको कमजोर मनोविज्ञान जिम्मेवार छ। किनकि एक भन्दा धेरै व्यवसायमा रहेको संलग्नताका कारण सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायाधीश विरुद्धको त्यो समाचार प्रकाशमा ल्याउने साहस उनीहरूमा भएन। यो दृष्टान्तको भित्री पाटो के हो भने खोजपत्रकारिता गर्न सम्पादक वा संवाददाता अघि सरेर मात्रै पनि हुने रहेनछ, त्यसनिम्ति सम्बन्धित

---

[८] शर्मासँग २०६५ माघ अन्तिम साता गरिएको कुराकानी ।

संस्था र त्यसको व्यवस्थापन पक्षको पनि उत्तिकै सहयोग जरुरी हुँदो रहेछ। अदालतमा मुद्दा लिएर गएको एउटा पक्षलाई त्यहाँका कर्मचारीमार्फत न्यायाधीशले कसरी घूस माग्छन् भन्ने दृष्टान्त थियो त्यो। त्यो समाचार छापिँदा प्रधानन्यायाधीश स्वयं सङ्कटमा परे। नैतिक मान्यतामा बलियोसँग अडिने राजनीतिक सामाजिक परिस्थितिको अभावमा उनी पदमुक्त हुनु परेन, त्यो अर्कै कुरा हो। तर, न्यायालयभित्र कसरीसम्म भ्रष्टाचार हुन्छ भनेर सर्वसाधारणले बुझ्ने एउटा सरल विवरण थियो त्यो।

यसर्थ बलियो व्यावसायिक मान्यतामा उभिने संरचनाको अभावमा त्यहाँ कार्यरत पत्रकारलाई खोजपत्रकारिता गर्न मुश्किल पर्छ। एउटा दैनिकका सम्पादकले नाम उल्लेख नगर्ने सर्तमा भने, "ठूलठूला मिडिया हाउसमा विजनेसका कारणले पनि अनुसन्धानमूलक पत्रकारिता सम्भव नहुँदो रहेछ। तर सम्पादकीय टिमले काम नगरेको हो, म चाहिँ प्रकाशन वा व्यवस्थापकलाई यसमा दोष दिन्न।"[९] उनका भनाइमा प्रतिष्ठानको नीतिनिर्माण तहमा बसेका पत्रकार नै प्रकाशकको भाषामा यो समाचारले संस्थाको हित गर्छ र यसले गर्दैन भन्ने तहमा बहस गर्छन् भने त्यहाँ प्रकाशकलाई दोष दिनुहुन्न।

*गोरखापत्र*को प्रकाशन आरम्भलाई जोडेर हामीले हाम्रो पत्रकारिताको इतिहास सय वर्षभन्दा पुरानो भयो भन्न सकौँला। तर, नेपालमा व्यावसायिक पत्रकारिताको इतिहास करिब दुई दशक मात्रै छ। तसर्थ पत्रकारिताभित्र पनि चुनौतीपूर्ण 'बिट' खोजपत्रकारिताको विकासका बारेमा हामी भर्खरै बामे सर्ने अवस्थामा छौँ भन्दा फरक पर्दैन। यस कलिलै अवस्थामा पनि केही सकारात्मक प्रयासहरू देखिन थालेका छन्। आगामी दिनमा पेशाप्रति प्रतिवद्ध पत्रकारलाई तालिम र काम गर्ने अवसर उपलब्ध गराउने हो भने हामीले परिणाम पाउन लामो प्रतीक्षा गर्नु पर्दैन।

**धन्यवाद**

यो लेखलाई अन्तिम रूप दिने क्रममा विभिन्न मस्यौदा पढी टिप्पणी गर्नु हुने मार्टिन चौतारीका देवराज हुमागाईं, प्रत्यूष वन्त, कोमल भट्ट र शेखर पराजुलीलाई धन्यवाद छ।

---

[९] २०६५ माघको अन्तिम साता गरिएको कुराकानी।




**चौतारी पुस्तक शृङ्खला- ४८**

यो पुस्तक– *स्वतन्त्र रेडियोको एक दशक : विकास, बहस र सामाजिक सरोकार*– नेपालका स्वतन्त्र रेडियोको क्षेत्रमा विगत एक दशकमा हासिल उपलब्धि र देखिएका चुनौतीसम्बन्धी बहसमा केन्द्रित छ। पुस्तक तीन खण्डमा विभाजित छ । पहिलो खण्डले एक दशकमा रेडियो प्रसारणमा भएका संस्थागत विकासबारे जानकारीका साथै वर्तमान चुनौतीहरूसँग परिचित गराउँछ । यसभित्र स्वतन्त्र रेडियोबारे नीतिगत कमीकमजोरी, सर्वोच्च अदालतले नजीरका रूपमा स्थापित गरिदिएका कानुनी उपलब्धिहरू, प्राविधिक रूपमा भोग्नुपरेका कठिनाई, रेडियो नेटवर्कबारेको जानकारी र रेडियो व्यवस्थापनमा देखिएका कठिनाइहरू समेटिएका छन् ।

दोस्रो खण्डमा सामाजिक सरोकारका कार्यक्रमअन्तर्गत महिला, थारू, दलित तथा मधेसीसम्बन्धी केही सवालहरूबारे चर्चा र विश्लेषण छ । अन्तिम खण्डमा एफएम रेडियोमा श्रोताको पहुँच र सहभागिताबारे चर्चा छ । रेडियो तरङ्गसम्म नेपाली नागरिकको पहुँच कति छ र एफएम रेडियोले कस्तो सामाजिक सम्बन्ध निर्माण गरेका छन् भन्ने कुराको त्यहाँ लेखाजोखा गरिएको छ ।

एफएम रेडियोका आर्थिक, प्राविधिक, नीतिगत तथा कानुनी, श्रोता, कार्यक्रम, आदिबारे थप अनुसन्धान गर्न यो पुस्तकले एउटा बलियो आधार निर्माण गरेको छ । समस्त रेडियोकर्मी, मिडिया अध्येता र हाल नेपालमा भइराखेको सामाजिक रूपान्तरणबारे चासो राख्ने सबैलाई यो पुस्तक उपयोगी छ ।